सिरहा जिल्ला स्थित सरकारी/सार्वजनिक कार्यालयको २०७८ जेष्ठ महिनाको नियमित कार्यालय प्रमुख/ सुशासन इकाई प्रमुखको मासिक बैठक भर्चुअल माध्यमबाट ;

मिति : २०७८/०२/०६
भर्चुअल माध्यम :
जुम
आईडी : 5304773907
पासकोड :
कुल सहभागी :

**बैठकको कारवाही एवम् निर्णय :**

**क) कोभिड-१९ सम्वद्ध :**

१. कोभिड-१९ संक्रमणबाट जिल्ला शिक्षा विकास तथा समन्वय इकाई सिरहाका प्रा.स संजय ठाकुर दनुवार २०७८/०२/०३ का दिन फुल कुमारी मेमोरियल अस्पताल कर्जन्हामा उपचार कै क्रममा निधन हुन भएको। यसै विच कोभिड-१९ संक्रमणको दोस्रो लहरमा हालसम्म ;
सिरहा जिल्लाका कुल ४० जनाको मृत्यु भएको ,
कुल संक्रमित ५१० जना रहेको,
हालसम्म ७७ जना निको भएको,
जिल्ला स्थित अस्पतालहरुमा समेत संक्रमितहरु उपचारमा रहनु भएको व्यहोरा समेत बैठकमा अवगत भयो। प्रा.स संजय ठाकुर दनुवार एवम् सवै मृतकको आत्माको चिर शान्तिको कामना गर्दै शोक संतप्त परिवारजनमा सम्वेदना प्रकट गरियो।

२. कोभिड-१९ संक्रमण जोखिम न्यूनीकरण गर्न हरेक कार्यालय/निकायले विश्व स्वास्थ्य संगठन, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको Guide Line अवलम्वन गर्दै सरकारी निति निर्देशन एवम् DCCMC सिरहाको निर्णय , जिल्ला प्रशासनको पत्राचारको पालना गर्ने गराउने एवम् भए गरेको प्रगति तुरुन्त प्रतिवेदन गर्ने निर्णय गरियो।

३. स्थानीय तह, स्वास्थ्य कार्यालय एवम् सरकारी/निजी/सहकारी/सामुदायिक अस्पतालबाट कोभिड-१९ संक्रमितलाई स्वास्थ्य सेवा उपलव्ध गराउने सम्वद्ध पद्धाधिकारी/कार्यालय प्रमुख क्रियाशिल रही विशेष परिस्थितिमा वाहेक कार्यक्षेत्रमै रहि रहने।

४. कोभिड-१९ सम्वद्ध लेखा दुरुस्त राखि नियमित रुपमा सार्वजनिक गर्ने र प्रतिवेदन समेत गर्ने।

५. कोभिड-१९ संक्रमण जोखिम न्यूनीकरण गर्न सम्वद्ध कार्यालयले निश्चित अवधिकालागि सेवा संकुचन गर्ने र यस सम्वन्धमा पूर्व सूचना प्रवाह गर्ने।

प्रमुख जिल्ला अधिकारी

गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सिरहा नेपाल

**ख) सेवा व्यवस्थापन तथा सुशासन सम्वद्ध :**

१) यस अघिको बैठकको निर्णय कार्यान्वयन गर्ने गराउने।

२) चालु आ.ब. २०७७/०७८ को कार्याक्रम समय मै गुणस्तरीय एवम् पारदर्शीता कायम गरी सक्ने।

३) अति आवश्यक सेवालाई उच्च प्राथमिकतामा राख्ने।

४) २०७८ सालको वर्षायाम नजिकिई रहेको हुँदा सिरहा जिल्ला स्थित कमला, बलान लगायतका सवै नदीहरुको संभावित कटान क्षेत्रको पहिचान गरी समयमै कटान नियन्त्रण गर्न सम्वन्धित हरेक स्थानीय तह (न.पा./गा.पा.) र नदी नियन्त्रण लगायतका सम्वद्ध आयोजना/कार्यालयले २०७८ जेष्ठको ७ गते भित्र कार्य प्रारम्भ गरी जिल्ला विपद् व्यवस्थापन समितिको प्रयोजनकालागि जिल्ला प्रशासन कार्यालयमा प्रगति प्रतिवेदन गर्ने भनी DDMC बाट यस अघि भएको निर्णयलाई आत्मसात गर्ने।

प्रमुख जिल्ला अधिकारी